# स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा लाग्ने राजस्व छुट सिफारिस सम्बन्धी कार्यविधि, २०७९

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

## स्वास्थ्य सामग्री तथा उपकरण आयातमा लाग्ने राजस्व छुट सिफारिस सम्बन्धी कार्यविधि,२०७९

संशोधन

स्वास्थ्य सामग्री तथा उपकरण आयातमा लाग्ने राजस्व छुट सिफारिस सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८१ मितिः २०८१।०४।०८

**प्रस्तावनाः** भन्सार महशुल ऐन तथा आर्थिक ऐनको परिधिभित्र रही अस्पताल ले पैठारी गर्ने स्वास्थ्य सामग्री तथा उपकरणको लागि आयातमा गरिने राजस्व छुटको सिफारिस गर्ने व्यवस्थालाई पारदर्शी एवं प्रभावकारी बनाई राजस्व छुट लिएका अस्पताल बाट गरिब, असहाय तथा विपन्न बिरामीलाई सेवा शुल्कमा कम्तीमा दश प्रतिशत निशुल्क सेवा प्रदान गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक भएकोले,

जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम ११ सँग सम्बन्धित अनुसूची-८ मा उल्लिखित विषयमध्ये स्वास्थ्य सामग्री तथा उपकरणको लागि भन्सार महशुल ऐन तथा आर्थिक ऐनको व्यवस्था अनुसार आयातमा भन्सार छुट दिनुपर्ने हुँदा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा लाग्ने राजस्व छुट सिफारिस सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "अस्पताल " भन्नाले विरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा पत्र्दान गर्ने सरकारी अस्पताल सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम स्थापित गैरसरकारी वा निजी वा सहकारी वा गैरनाफामूलक सामुदायिक अस्पताल वा बिशिटिकृत सेवा दिने स्वास्थ्य संस्था लाई समेत जनाउँछ।

(ख) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ।

(ग) "स्वास्थ्य सामग्री तथा उपकरण" भन्नाले भन्सार महशुल ऐन तथा आर्थिक ऐनमा राजस्व छुटका लागि उल्लेख भएबमोजिमका स्वास्थ्य सामग्री तथा उपकरणलाई सम्झनु पर्दछ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

३. **राजस्व छुट सम्बन्धी व्यवस्था:** स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा लाग्ने राजस्व छुटको सिफारिस प्रचलित भन्सार महशुल ऐन तथा आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ।

४. **राजस्व छुटका लागि सिफारिस गर्ने आधार तथा विधि:** (१) अस्पतालले राजस्व छुट सुविधा लिनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा देहाय बमोजिमका प्रमाणित कागजात अनिवार्य रूपमा संलग्न गरी मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ। तर सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य निकायको हकमा निवेदनसाथ विजक, प्रतित पत्र र रेडियोलोजी उपकरणको लागि मन्त्रालयबाट जारी भएको आयात अनुमति पत्र पेश गर्नु पर्नेछ ।

(क) संघ वा प्रदेश वा स्थानीय तहबाट अस्पताल सञ्चालन इजाजत वा नवीकरण पत्र,

(ख) संस्था दर्ता वा कम्पनी दर्ता प्रमाण पत्र, प्रबन्ध पत्र र नियमावली समेत,

(ग) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र,

(घ) गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र,

(ङ) एक्जिम कोड (Exim code) प्रमाण पत्र,

(च) स्पष्ट मूल्य खुलेको विजक,

(छ) प्रतित पत्र (एल.सी) खोलेको बैंकको पत्र,

(ज) रेडियोलोजी सम्बन्धी उपकरणको हकमा मन्त्रालयबाट जारी भएको आयात अनुमति पत्र।

(झ) राजस्व छुटद्वारा आयात भएका वा आयात गरिने स्वास्थ्य सामग्री तथा उपकरणबाट प्रदान गरिने सेवामा सरकारले तोकेको दरमा दश प्रतिशत छुट दिने प्रत्याभूति पत्र वा विवरण।

(ञ) अस्पतालमा कार्यरत चिकित्सक लगायत सम्पूर्ण कर्मचारीको पारिश्रमिक (तलब भत्ता) बैंक मार्फत् भुक्तानी भएको प्रमाणित हुने पछिल्लो महिनाको कागजात विवरण।

(ट) अस्पताल सञ्चालन स्वीकृत लिएको निकायबाट स्वास्थ्य सामग्री तथा उपकरण आयातमा राजस्व छुटका लागि सिफारिश गरेको पत्र।

(ठ) विपद् योजना अद्यावधिक गरेको सम्बन्धित हब अस्पताल को सिफारिस पत्र।

(२) उपदफा (१) बमोजिमको विवरण अनुसूची-२ बमोजिम रूजु गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सम्पूर्ण कागजात वा विवरण प्राप्त नभएमा राजस्व छुटको लागि सिफारिस गरिने छैन।

(४) अर्थ मन्त्रालयले जारी गरेको चालु आर्थिक वर्षको भन्सार महशुल ऐन तथा आर्थिक ऐनमा उल्लेख भए बमोजिमका स्वास्थ्य सामग्री तथा उपकरणहरुमा मात्र राजस्व छुटको सिफारिस गरिनेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

(५) रित पूर्वक दर्ता भई प्रक्रिया पुरा गरी पेश भएका कागजातको अध्ययन गरी दफा ६ बमोजिमको समितिको सिफारिसका आधारमा राजस्व छुटको सिफारिश गरिनेछ।

(६) राजस्व छुटको लिनका लागि निवेदक अस्पताल अनिवार्य रूपमा सञ्चालनमा रहेको हुनुपर्नेछ।

(७) राजस्व छुटको सिफारिस भई स्वास्थ्य सामग्री तथा उपकरण पैठारी भएपछि सम्बन्धित भन्सार कार्यालय र मन्त्रालयलाई सोको जानकारी तीन दिनभित्र अनिवार्य रूपमा गर्नुपर्नेछ।

(८) स्थानीय तहबाट सञ्चालित आधारभुत अस्पताल र पन्ध्र शैया वा सोभन्दा माथिका निजी तथा सरकारी अस्पताललाई मात्र राजस्व छुट सुविधा प्रदान गरिनेछ।

(९) मनसाय पत्र मात्र लिएका र रेडियोलोजी उपकरणको लागि आयात अनुमति प्राप्त गरेका तर सञ्चालन स्वीकृति प्राप्त नगरेको अस्पताललाई राजस्व छुट सिफारिस गरिने छैन।

(१०) मन्त्रालयले अनिवार्य रूपमा सञ्चालन गर्न भनी तोकेका स्वास्थ्यका कार्यक्रम सञ्चालन गरेका अस्पताललाई मात्र राजस्व छुट सिफारिस गरिनेछ। यसरी सरकारले तोकेका कार्यक्रम सञ्चालन नगर्ने अस्पताललाई राजस्व छुट सिफारिस गरिने छैन।

५. <u>अस्पतालले पालना गर्नुपर्ने शर्त:</u> (१) राजस्व छुट लिएका अस्पतालले देहाय बमोजिमको शर्तहरूको पालना गर्नुपर्नेछः-

(क) बिरामीहरूबाट लिने सेवा शुल्क विवरण अस्पताल को वेबसाइट र नागरिक बडापत्रमा स्पष्ट रूपमा सबैले देख्ने गरी राख्नुपर्नेछ।

(ख) सामाजिक उत्तरदायित्व अन्तर्गत अस्पताल ले कूल शैयाको दश प्रतिशत गरिब, असहाय तथा विपन्न बिरामीलाई निःशुल्क उपचार गरेको हुनुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको अभिलेख तथा प्रतिवेदन विवरण अस्पताल ले छुट्टै दुरूस्त राख्नु पर्नेछ र सोको प्रतिवेदन मासिक रुपमा सार्वजनिक गरी मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

(घ) राजस्व छुट भएका स्वास्थ्य सामग्री तथा उपकरणको प्रत्येक आर्थिक वर्षको विवरण र सोको प्रयोगबाट गरिब, असहाय तथा विपन्न बिरामीले प्राप्त गरेको सेवा शुल्क छुटको विवरण मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(ङ) अस्पताल ले नेपाल सरकारको प्रचलित कानूनको अधिनमा रही सेवा सञ्चालन गर्नुपर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

(च) अस्पताल ले राजस्व छुट भएका उपकरणमा "नेपाल सरकारबाट राजस्व छुट" भएको भनी देखिने गरी अनिवार्य रूपमा लेख्नुपर्नेछ।

(छ) अस्पताललले सम्बन्धित स्वास्थ्य कार्यालय वा पालिकाबाट गरिब, असहाय तथा विपन्न बिरामीलाई नेपालसरकारले तोकेको छुट सुबिधा उपलब्ध गराएको रकम खुल्ने बिरामीको नामवली सहितको विवरण साथै सम्पर्क नम्बर सहितको प्रमाणित कागजात पेश गर्नुपर्नेछ।

६. **<u>राजस्व छुट सिफारिस, अनुगमन तथा समन्वय समितिको गठनः</u>** (१) स्वास्थ्य सामग्री तथा उपकरणको राजस्व छुट सिफारिसलाई पारदर्शी एवं प्रभावकारी बनाउनका लागि देहाय बमोजिमको राजस्व छुट सिफारिस, अनुगमन तथा समन्वय समितिको गठन गरिनेछः-

| | |
|---|---|
| (क) स्वास्थ्य समन्वय महाशाखा हेर्ने बाह्रौं तहको अधिकारी, मन्त्रालय | -संयोजक |
| (ख) महाशाखा प्रमुख, स्वास्थ्य समन्वय महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) महाशाखा प्रमुख, नीति योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | -सदस्य |
| (घ) महाशाखा प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, मन्त्रालय | -सदस्य |
| (ङ) महाशाखा प्रमुख, उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग | -सदस्य |
| (च) शाखा प्रमुख, कानून शाखा, मन्त्रालय | -सदस्य |
| (छ) शाखा प्रमुख, विकास सहायता समन्वय शाखा, मन्त्रालय | -सदस्य सचिव |

(२) समितिको बैठक कम्तीमा हरेक महिना दुईपटक अनिवार्य बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार अन्य विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले आफै निर्धारण गरेबमोजिम हुनेछ।

७. **<u>राजस्व छुट सिफारिस, अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकारः</u>** राजस्व छुट सिफारिस, अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयमा राजस्व छुटका लागि प्राप्त निवेदन उपर छानबिन गरी प्रक्रिया पूरा गरेका अस्पताल तथा स्वास्थ्य निकाय लाई राजस्व छुटको लागि सिफारिस गर्ने,

(ख) राजस्व छुट प्राप्त गरी पैठारी भएका स्वास्थ्य सामग्री तथा उपकरणबाट अस्पताल लगायत अन्य स्वास्थ्य संस्थाहरुले तोकिएको शर्त बमोजिम सेवा वा छुट दिए नदिएको अनुगमन गर्ने गराउने,

(ग) स्वास्थ्य सामग्री तथा उपकरण थपघट गर्नुपर्ने भएमा राजस्व छुटको लागि मन्त्रालयमा सिफारिस गर्ने,

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

© (घ) अस्पतालले आयात गर्ने स्वास्थ्य सामग्री तथा उपकरणमा राजस्व छुट सिफारिस गर्दा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ (संशोधन सहित) मा तोकिए बमोजिमको संख्यामा नबढ्ने गरी सिफारिस गर्ने, तर अस्पतालले काम नलाग्ने औजार उपकरण स्क्रयाप गरेमा सोको सट्टा अर्को नयाँ औजार उपकरण सिफारिस गर्ने,

(ङ) प्रचलित भन्सार महशुल ऐन तथा आर्थिक ऐन र यस कार्यविधिको आधारमा तोकिएका स्वास्थ्य सामग्री तथा उपकरणमा मात्र राजस्व छुटका लागि सिफारिस गर्ने।

८. **मन्त्रालयको काम तथा कर्तव्यः** यस कार्यविधि बमोजिम सम्पादन गर्नुपर्ने कामका सम्बन्धमा मन्त्रालयको काम, कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य सामग्री तथा उपकरणको राजस्व छुट सिफारिस गर्दा दफा ६ बमोजिमको समितिको सिफारिसमा आवश्यक निर्णय गर्ने गराउने,

(ख) खण्ड (क) बमोजिमको सिफारिसको आधारमा मन्त्रालयले राजस्व छुटको सिफारिस गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा गर्ने गराउने,

(ग) भन्सार महशुल ऐन तथा आर्थिक ऐनको अनुसूचीमा स्वास्थ्य सामग्री तथा उपकरण थपघट गर्नु परेमा दफा ६ बमोजिमको समितिको सिफारिशका आधारमा सम्बन्धित निकायसँग समन्वय गर्ने,

(घ) सरकारी स्वास्थ्य निकायका नाममा प्राप्त हुने वा पैठारी हुने स्वास्थ्य सामग्री तथा उपकरणको हकमा राजस्व छुटको लागि अर्थ मन्त्रालयमा सिफारिस गरी पठाउने।

९. **अभिलेख तथा प्रतिवेदनः** मन्त्रालयले राजस्व छुट सिफारिस गरेका स्वास्थ्य सामग्री तथा उपकरणहरुको अभिलेख अनुसूची -४ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

१०. **कार्यविधिमा संशोधन तथा थपघटः** यस कार्यविधिमा केही संशोधन वा थपघट गर्नु पर्ने भएमा मन्त्रालयले संशोधन वा थपघट गर्न सक्नेछ ।

====================

© पहिलो संशोधनद्वारा संशोधित

द्रष्टव्य - आर्थिक ऐनको सट्टा "भन्सार महशुल ऐन तथा आर्थिक ऐन" भन्ने शव्दहरू पहिलो संशोधनद्वारा रूपान्तरण गरिएको

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

**अनुसूची -१**

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

<u>स्वास्थ्य सामग्री तथा उपकरण आयातमा लाग्ने राजस्व छुट निवेदनको ढाँचा</u>

मितिः-

श्रीमान् सचिवज्यू,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाडौं ।

**विषयः <u>स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा राजस्व छुट पाँऊ।</u>**

उपरोक्त सम्बन्धमा यस.................................ले आयात गर्ने देहायमा उल्लिखित स्वास्थ्य सामग्री तथा उपकरणको लागि प्रचलित कानून बमोजिम राजस्व छुट पाउन स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा लाग्ने राजस्व छुट सिफारिस सम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा (१) बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

<u>आवेदन पेश गर्ने अस्पताल को नामः</u>

संस्थाको ठेगानाः प्रदेश............ जिल्ला...............गाँउ/नगरपालिका.................वडा नं...........

सम्पर्क फोन नं.: इमेलः

अध्यक्षको नाम, थरः

सम्पर्क नम्बरः

| आयात गर्ने स्वास्थ्य सामग्री तथा उपकरणको विवरण | |
|---|---|
| सामग्री /उपकरणको<br>नामः<br>संख्याः | विजक जारी गर्ने कम्पनीको<br>नामः<br>ठेगानाः |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| | |
|---|---|
| सामग्री / उपकरणको मूल्यः | सामग्री / उपकरण पैठारी हुने भन्सार विन्दुः |
| विजक नं. र मितिः | अन्यः |

उल्लिखित विवरण सही छ। गलत ठहरेमा कानून अनुसार सहुँला, बुझाउँला।

संस्थाबाट अधिकार प्राप्त व्यक्तिको नाम, थरः

पदः

हस्ताक्षरः

मितिः

संस्थाको छापः

**<u>संलग्न कागजातहरूः</u>**

अनुसूची-२ बमोजिमको रूजु सूची संलग्न छ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

## अनुसूची -२

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

**रूजु सूची**

| क.सं. | विवरण | छ | छैन |
|---|---|---|---|
| १. | संघ वा प्रदेश वा स्थानीय तहबाट अस्पताल सञ्चालन इजाजत वा नवीकरण पत्र ।(सरकारी अस्पताल बाहेकको हकमा) | | |
| २. | संस्था दर्ता वा कम्पनी दर्ता प्रमाण पत्र, प्रबन्ध पत्र र नियमावली समेत | | |
| ३. | स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर (भ्याट) दर्ता प्रमाण पत्र, | | |
| ४. | गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र | | |
| ५. | एक्जिम कोड (Exim code) प्रमाण पत्र | | |
| ६. | स्पष्ट मूल्य खुलेको विजक | | |
| ७. | प्रतित पत्र (एल.सी) खोलेको बैंकको पत्र | | |
| ८. | रेडियोलोजी सम्बन्धी उपकरणको हकमा मन्त्रालयबाट जारी भएको आयात अनुमति पत्र | | |
| ९. | राजस्व छुटद्वारा आयात भएका वा आयात गरिने स्वास्थ्य सामग्री तथा उपकरणबाट प्रदान गरिने सेवामा सरकारले तोकेको दरमा दश प्रतिशत छुट दिने प्रत्याभूति पत्र वा विवरण। | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

| | | | |
|---|---|---|---|
| १०. | अस्पताल मा कार्यरत चिकित्सक लगायत सम्पूर्ण कर्मचारीको पारिश्रमिक (तलब भत्ता) बैंक मार्फत् भुक्तानी हुने पछिल्लो महिनाको कागजात विवरण। | | |
| ११. | अस्पताल सञ्चालन स्वीकृत लिएको निकायबाट स्वास्थ्य सामग्री तथा उपकरण आयातमा राजस्व छुटका लागि सिफारिश गरेको पत्र। | | |
| १२. | विपद् योजना अद्यावधिक गरेको सम्बन्धित हब अस्पताल को सिफारिस पत्र। | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

## अनुसूची -३

दफा ८ को खण्ड (ख) सँग सम्बन्धित

**<u>भन्सार महशुल तथा मुल्य अभिवृद्धि कर/अन्य कर छुटको सिफारिश पत्र</u>**

मितिः-

श्री.................भन्सार कार्यालय,

......................................।

विषयः **भन्सार महशुल तथा मु.अ.कर/ अन्य कर छुट सम्बन्धमा ।**

प्रस्तुत विषयमा .........................................ले उक्त संस्थाको नाममा खरिद/सहायता मार्फत पैठारी गर्ने देहायमा उल्लिखित स्वास्थ्य सामग्री तथा उपकरण आयातमा राजस्व छुट सिफारिस सम्बन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा (१) बमोजिम मिति..............मा राजस्व छुटका लागि निवेदन दिएको हुँदा उक्त कार्यविधिको दफा ८ को खण्ड (ख) मा व्यवस्था भए अनुसार भन्सार महसुल ऐन....... को अनुसूची ४ को दफा ६ को उपदफा (....) बमोजिम भन्सार महसुल तथा आर्थिक ऐन....... बमोजिम मु.अ. कर /अन्य कर छुटका लागि यस मन्त्रालय (........स्तर), मिति.................को निर्णयानुसार अनुरोध छ।

**तपसिलः**

**(१) कोभिड-१९ सामग्री /उपकरणको राजस्व छुट सिफारिसको हकमा,-**

| सहयोग प्राप्त गर्ने अस्पताल को नाम | सहयोग गर्ने/पठाउने/खरिद गर्ने संस्थाको नाम | बिजक नं./ मिति | सामग्री /उपकरण नाम | रकम | हस्तान्तरण गर्नु पर्ने निकाय |
|---|---|---|---|---|---|
| | | | | | |

बोधार्थ

श्री...................

उपरोक्तानुसारका सामग्री /उपकरण दाखिला गरी सोको जानकारी सम्बन्धित भन्सार कार्यालय र यस मन्त्रालयलाई गराउन र राजस्व छुट भएका ती उपकरणमा नेपाल सरकारबाट राजस्व छुट भनी अनिवार्य उल्लेख गर्नुहुन।

डा. रोशन पोखरेल
सचिव

(२) अन्य स्वास्थ्य सामग्री/उपकरणको हकमा,-

| क.स. | सामग्री /उपकरणको नाम | संख्या | इकाई | बिजक जारी गर्ने संस्था | बिजक नं. र मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**बोधार्थ**

श्री ......................,

उपरोक्तानुसारका सामग्री /उपकरण दाखिला गरि सोको जानकारी सम्बन्धित भन्सार कार्यालय र यस मन्त्रालयलाई गराउन र तोकिएको मापदण्ड पुरा गरी नियमानुसार सञ्चालन गर्नुहुन साथै राजस्व छुट भएका ती उपकरणमा नेपाल सरकारबाट राजस्व छुट भनी अनिवार्य उल्लेख गर्नुहुन।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

अनुसूची -४

(दफा ९ सँग सम्बन्धित)

<u>राजस्व छुट सिफारिस गरिएका स्वास्थ्य सामग्री /उपकरणहरुको अभिलेख</u>

| क्र. सं. | संस्थाको नाम | ठेगाना | सामग्री /उपकरण विवरण | | रकम | सिफारिस निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | नाम | संख्या | | | |
| | | | | | | | |
| | | | | | | | |

डा. रोशन पोखरेल
सचिव